उमाकुण्ड गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
प्रिति, रामेछाप
बागमती प्रदेश, नेपाल

फोन न ०४८-६९११२७


पत्र सख्या:-०७८/०७९
चलानी नं:-

मिति:-२०७८/१०/२०

विषय:- प्रेस विज्ञप्ती

प्रस्तुत विषयमा मिति २०७८/१०/२० गते प्रशासकीय अधिकृत र लेखापाल बिच हात हालाहाल शिर्षकमा अनलाईन पत्रिकामा प्रकाशित समाचार प्रति उमाकुण्ड गाउँपालिका, गाउँ कार्यपालिका कार्यालयको गम्भिर ध्यानाकर्षण भएको छ । मिति २०७८/१०/१८ गतेका दिन तोक आदेश विना बनेको चेकको सम्वन्धमा प्रमुख प्रशासकीय अधिकृत दिपेन्द्र कुमार पैकरा र लेखा अधिकृत राजन प्रसाद गुरागाई विच सामान्य छलफल भएको र छलफलको क्रममा तोक आदेस विना बनेको चेकहरु रद्ध गर्ने गरि च्यातिएको कुरा सत्य भएतापनि त्यस भन्दा बाहेक अन्य कुनैपनि अमर्यादित गतिविधि तथा हात हालाहाल र आरोप प्रत्यारोप नभएको कुरा स्पष्ट पार्न चाहान्छौ । सो समयमा गाउँपालिकाको कर्मचारीहरु र सेवाग्राही नागरिकहरु समेत उपस्थित रहेको हुँदा सत्यतथ्य कुरा निजहरुबाट बुझ्दा अझ प्रभावकारी हुनेछ।यसरी सत्यतथ्य नबुझि भ्रमपुर्ण समाचार प्रकाशित गरेकोमा सो प्रति खेद प्रकट गर्दै यस्ता गलत समाचारको पछि नलाग्नुहुन सम्वन्धित सवैमा अनुरोध गर्दै आफुहरु नागरिकको सेवामा परिचालित हुँदै प्रभावकारी सेवा प्रवाहको लागी निरन्तर लागी रहने प्रतिवद्धता व्यक्त गर्दछौ ।

| | |
|---|---|
| ............................ | ............................ |
| श्री राजन प्रसाद गुरागाई | श्री दिपेन्द्र कुमार पैकरा |
| लेखा अधिकृत | नि. प्रमुख प्रशासकीय अधिकृत |
| राजन प्रसाद गुरागाईं<br>लेखा अधिकृत (छैटौ) | दिपेन्द्र कुमार पैकरा<br>निमित्त प्रमुख प्रशासकीय अधिकृत |



CS Scanned with CamScanner